Budget 2020–21

# संक्षेपमा बजेट

## कडा परिश्रम गर्ने अष्ट्रेलियालीहरूको लागि न्यूनतम कर

आगामी १२ महिना भित्रको लागि थप $१२.५ अर्ब को साथसाथै यस बजेटमा सरकारले आर्थिक लाभ(रिकभरी) लाई सहयोग पुऱ्याउन व्यक्तिगत आयकरमा सहजता दिन थप $१७.८ अर्ब डलर छुट्याएको छ। यो २०२०-२१ आय वर्षको लागि प्रदान हुने कर राहत रकम $ ८.१ अर्ब बाट बनेको छ, जनु पहिले नै व्यक्तिगत आयकर योजना अन्तर्गत कानून भैसकेको छ।

सरकारको परिवर्तन अन्तर्गत, व्यक्तिहरूले आफ्नो योजनाको चरण २ मा कर कटौती अगाडी बढाउनका साथै २०२०-२१ मा न्यून र मध्य आय कर सोधभर्नाबाट एक पटककोलागि थप लाभ लिन सक्नेछन्।

## आवास निर्माणमा समर्थन

रोजगारको सिर्जना गर्ने, हाम्रो अर्थव्यवस्थाको पुनर्निर्माण र अष्ट्रेलियाको भविष्य सुरक्षित गर्ने हाम्रो आर्थिक लाभ योजनाको एक अंशको रूपमा, अतिरिक्त १०,००० पहिलो घर खरीददारहरूले चाँडैनै पहिलो घर ऋण धरौटी जम्मा गर्ने योजना(First Home Loan Deposit Scheme) अन्तर्गत नयाँ घर किन्न सक्षम हुनेछन्।

नयाँ घर वा नवनिर्मित घरको खरीदलाई समर्थन गर्न थप १००० स्थानहरू २०२०-२१ मा प्रदान गरिनेछ। यसले पहिलो घर खरीददारहरूलाई नयाँ घर बनाउनको लागि ऋण सुरक्षित गर्न वा सरकारको ऋणको १५ प्रतिशत सम्म ग्यारेन्टी सहित, नवनिर्मित आवास खरीद गर्न ५ प्रतिशत न्यूनतम रकम जम्मा गर्न सक्नेछ।

## पूर्वाधार लगानी

COVID-19 महामारी सुरु भएदेखी सरकारले आगामी चार बर्षमा नयाँ र तिब्रगतिका पूर्वाधार परियोजनाहरुमा $१४ अर्ब डलर थप लगानी गर्ने प्रतिबद्धता जनाएको छ। निर्माणको क्रममा यी परियोजनाहरूले अझै थप ४०,००० रोजगारहरू समर्थन गर्नेछन्।

यो लगानी सरकारको १० बर्षको यातायात पूर्वाधार लगानी पाइपलाइनको हिस्सा हो, जुन $११० अर्ब डलरमा विस्तार भइसकेको छ र यसले देशभरि कार्यस्थलमा १००,००० रोजगारीलाई सहयोग गरिरहेको छ।

## व्यवशाय र लगानीलाई समर्थन

नयाँ लगानीलाई समर्थन गर्न र व्यापार नगद प्रवाह बढाउन सरकारले अस्थायी कर प्रोत्साहन प्रदान गरिरहेको छ, जुन करिब ३५ लाख व्यवशायहरु (९९ प्रतिशतभन्दा बढी व्यवशाय) लाई उपलब्ध हुनेछ जसले करिब ११५ करोड कामदारलाई रोजगार दिनेछ। प्रोत्साहन लगभग $२०० अर्बको लगानीमा लागू हुनेछ, जसमा ८० प्रतिशत गैर-खानीका व्यवशायहरु सहित मूल्यह्रास सम्पत्तिमा लगानी हुनेछ। सांझ ७.३० बजे(AEDT) ६ अक्टूबर २०२० देखि ३० जुन २०२२ सम्ममा, $५ अर्ब सम्मको आम्दानी भएको व्यवशायले उनीहरूले योग्य मूल्यह्लास सम्पत्ति जडान गरेको बर्षमा कुनै मूल्यको पूर्ण लागत घटाउन सक्नेछ। यस अवधिमा बनाइएको योग्य मूल्यह्रास सम्पत्तिको सुधारको लागत पनि पूरा कटौती गर्न सकिन्छ।

सरकारले कारोबार गर्ने कम्पनीहरूलाई $५ अर्ब डलरसम्मको घाटा सोधभर्ना गर्न अघिल्लो बर्षको नाफामा गर्न पाउने गरेको छ, जसमा कर तिरेको छ, त्यो फिर्ता हुनेछ। घाटा अगाडी लाने लगभग १ लाख कम्पनीहरूलाई उपलब्ध हुनेछ जसले ८.८ लाग कामदारहरुलाई रोजगार दिन्छ। २०२१- २२ सम्मको घाटा लाई २०१८- १९ पछिको मुनाफा बिरूद्ध फिर्ता लिन सकिन्छ। योग्य कम्पनीहरूले कर फिर्ता रकम प्राप्त गर्न रोज्न सक्छन् जब तिनीहरूले आफ्नो २०२०- २१ र २०२१- २२ कर फिर्ता दाबी गर्दछन्।

## एक डिजिटल अष्ट्रेलिया

COVID-19 महामारीले अष्ट्रेलियाका व्यवशाय र उपभोक्ताहरूलाई डिजिटल प्रविधि अपनाउने कार्यमा गति प्रदान गरेको छ जसले धेरैलाई आफ्नो सञ्चालनमा परिवर्तन गर्न र संङ्कटको बेला व्यापार जारी राख्न सकेको छ।

सरकारको डिजिटल ब्यापार योजनाले अर्थव्यवस्था भरि नयाँ टेक्नोलोजीको थप प्रयोगलाई गतिशिलता दुबै व्यवशाय र उपभोक्ताहरू द्वारा समर्थन गर्न यस व्यवशायको निर्माण गर्न दिएको छ।

NBN Co मा गरिएको थप $४.५ अर्बको लगानीले लाखौं परिवार र व्यवशायहरूमा अल्ट्रा-फास्ट ब्रोडब्याण्ड ल्याउनेछ। $२९.२ लाख कोष रकम को अनुदानले 5G नेटवर्क को रोलआउट मा पनि गति ल्याउनेछ।

## व्यापार गर्न सजिलो सुधार

अष्ट्रेलियाको लागि सरकारको आर्थिक पुनर्स्थान प्राप्ति योजना छोटकरी तरिकाको मुख्य तत्व हो। त्यसकारण सरकारले व्यवशायलाई लगानी गर्न, रोजगारी सिर्जना गर्न, चुनौतीहरूको छिटो प्रतिक्रिया दिन र अवसरहरू लिन सहज बनाउँदैछ।

यो बजेटमा, सरकारले:

- ष्ट्रिमलाइन र नियामक प्रक्रियाहरूको विस्तृत श्रृंखलालाई डिजिटलाइज गर्दछ
- ब्यापार गतिविधिमा बाधा उत्पन्न गराउने नियम जसले अनावश्यक लागतहरू गराऊँदछ तिनिहरुलाई घटाउने
- पुनस्र्थान मार्फत साना व्यवशायलाई समर्थन

## जबमेकर हाइरिंग क्रेडिट(JobMaker Hiring Credit)

सरकारको नयाँ जबमेकर हाइरिंग क्रेडिट (JobMakerHiring Credit) ले पुनर्रिस्थानको बखत रोजगारी बृद्धि गर्न १६ देखि ३५ वर्ष उमेरका युवा रोजगारी खोज्ने थप कर्मचारीहरूलाई लिन व्यवशायहरुलाई प्रोत्साहन दिई मद्दत पुऱ्याउँछ सरकारको नयाँ जबमेकर हाइरिंग क्रेडिट(JobMakerHiring Credit) अष्ट्रेलियाको आर्थिक सुधारलाई बढावा दिन सरकारको जबमेकर(JobMaker) योजनाको एक महत्वपूर्ण अंश हो।

जबमेकर हाइरिंग क्रेडिट(JobMakerHiring Credit) ले **युवा व्यक्तिहरूको लागि करीव ४५०,००० पदहरुलाई समर्थन गर्ने** अनुमान गरिएको छ र २०२०-२१ देखि २०२२- २३ सम्ममा ४ अर्ब खर्च हुनेछ।

## शिक्षा, सीप र प्रशिक्षुतामा लगानी

सरकारले यसको जबमेकर योजनाको एक भागको रूपमा कौशल विकासलाई उच्च प्राथमिकतामा राख्दैछ। सरकारको प्रतिबद्धताले मानिसहरूलाई रोजगारीमा ल्याउन मद्दत पुऱ्याउँछ र भविष्यका रोजगारका लागि अष्ट्रेलियालीहरू सँग सही सीपहरू छन् भन्ने कुरा सुनिश्चित गर्दछ।

- JobTrainer - अष्ट्रेलियाको कार्यबल बृद्धी गर्दै
- पुनर्थापनामा सहयोग पुऱ्याउन नयाँ प्रशिक्षुताहरू

- रोजगार खोज्नेहरूको लागि समर्थन
- थप कामका लागि तयार स्नातकहरू
- पुनः अभ्यास र सीप बृद्धीको लागि अष्ट्रेलियालीहरूको लागि छोटो पाठ्यक्रमहरू

## महिलाको लागि आर्थिक सुरक्षा प्रदान गर्ने

महिला श्रमशक्तिको सहभागिता बढाउन, कमाई गर्ने सम्भावनामा सुधार गर्न र आर्थिक स्वतन्त्रता बढाउन सरकारले २०२० महिलाहरुको आर्थिक सुरक्षा वक्तव्य दिइरहेको छ। $२४०.४ अर्ब डलरको प्याकेजले रोजगारीका अवसरहरू प्रदान गर्नेछ, अभिभावकलाई समर्थन र कार्यस्थलमा महिलाहरूको लागि समर्थन गर्नेछ।

यसमा महिला नेतृत्व र विकासलाई समर्थन गर्न रोजगार कार्यक्रमहरू र विज्ञान, टेक्नोलोजी, इन्जिनियरिङ्ग र गणित (STEM), व्यवशाय र पुरुष प्रधान उद्योगहरूमा महिलाहरूको लागि अवसरहरू वृद्धि गर्न समावेश छन्।

## निर्माण र अनुसन्धान र विकाशलाई समर्थन

COVID-19 महामारीले आपूर्ति मार्गमा गम्भीर महत्त्व र लचिलो, अनुकूलनीय र नवीन उत्पादन क्षमताको बारेमा प्रकाश पारेको छ।

सरकारको $१.५ अर्ब डलरको आधुनिक उत्पादन रणनीति अष्ट्रेलियाको आर्थिक सुधारलाई सहयोग पुऱ्याउने दीर्घकालीन योजना हो।

सरकारले अनुसन्धान र विकास कर प्रोत्साहन मार्फत थप $२ अर्ब डलर लगानी गर्दैछ।

## ऊर्जा सुरक्षा र बजार सुधारहरू

राष्ट्रयभर, घरेलु बिजुलीको मूल्य डिसेम्बर २०१८ देखि ४.७ प्रतिशतले घटेको छ, थोक बिजुलीको मूल्य गत १२ महिनामा घटेकोछ। कम मूल्य कायम गर्न सरकारले निजी प्रदायकहरूसँग पठाउन योग्य उत्पादन क्षमता र राष्ट्रिय मन्त्रिपरिषद्को साथ काम गरी दक्ष र एकीकृत प्रणाली सुनिश्चित गर्नेछ।

सरकारले मूल्य कम राख्न, नयाँ रोजगारी सिर्जना गर्न र स्थानीय उद्योगहरूलाई सहयोग पुऱ्याउन अष्ट्रेलियाको बिजुली, ईन्धन र ग्यास आपूर्तिहरू सुरक्षित गर्दैछ।

## लचिलो क्षेत्रको समर्थन

सरकार क्षेत्रीय अष्ट्रेलियाको साथ एकैवद्ध रहेको छ जसले बाढी, आगो, खडेरी र अहिले COVID-19 लाई सामना गर्यो। $५५० लाख भन्दा बढीको क्षेत्रीय प्याकेज मार्फत सरकारले COVID-19 को प्रभावबाट मुक्त हुन हाम्रा क्षेत्रहरूलाई सहयोग पुऱ्याउँनेछ। यसले $१ अर्ब डलरको COVID-19 राहत र पुनर्स्थान कोष मार्फत प्रदान समर्थन गर्दैछ।

## एउटा थप सुरक्षित र लचिलो अष्ट्रेलिया

सरकारले २१औं शताब्दीको लागि पानीको पूर्वाधार निर्माण गर्दैछ, हाम्रो पानी सुरक्षा बढाउन, क्षेत्रीय लचिलोपन, रोजगार प्रदान गर्न र हाम्रो महत्वपूर्ण कृषि क्षेत्रको विकास गर्न मद्दत गर्दछ। राष्ट्रिय जल पूर्वाधार विकास कोष अन्तर्गत नयाँ परियोजनाहरुका लागि $२ अर्ब डलरको लगानीले ग्रिडबाट पानीको पूर्वाधारको अर्को पुस्तालाई सहयोग गर्नेछ।

सरकारले मरी-डार्लिंग सामुदायिक लगानी प्याकेजमा $२७०० लाख डलर लगानी गरिरहेछ जसले क्षेत्रीय विकासलाई टेवा पुऱ्याउँदै बेसिनको स्वास्थलाई सुधार गर्नेछ।

उत्तरी अष्ट्रेलियाले आधारभूत सेवाहरूबाट अत्यावश्यक सेवाहरूलाई सहयोग पुऱ्याउन सक्दछ भन्ने कुरा सुनिश्चित गर्न, सरकारले उत्तरी अष्ट्रेलिया पूर्वाधार सुविधा (NAIF) लाई थप पाँच बर्ष, जून २०२६ सम्म विस्तार गरेको छ र यसको ऋण(कर्जा) मापदण्ड विस्तार गरेको छ।

## हाम्रो वातावरणको संरक्षण

सरकारले $४७.४ लाख डलर लगानी गर्दैछ जुन हाम्रो महासागरहरूको जगेर्ना गर्न र तिनिहरुको स्वास्थ्यलाई पुनःस्थापित गर्नका लागि हो र राष्ट्रमंडल भूमिमा रासायनिक संक्रमणको जोखिम कम गर्न $२९.१ लाख डलर खर्च गरिरहेको छ।

रिसाइक्लिंग(पुनः प्रयोग) पूर्वाधारलाई आधुनिकीकरण गर्न, फोहोर घटाउन र अष्ट्रेलियामा बढी रिसाइकल गर्न सरकारले चार बर्षमा $२४९.६ लाख डलर लगानी गर्नेछ।

## COVID-19 लाई रोक्दै, पत्ता लगाउँदै र उपचार गर्दै

यस बजेटमा, सरकारले $४.९ अर्ब डलर लगानी गरिरहेको छ र अष्ट्रेलियालीहरूले बृहत स्वास्थ्य उपचार र सहयोगको लागि महामारीको समयमा उनीहरूलाई आवश्यक पर्ने स्वास्थ्य सेवाको निरन्तरतालाई सुनिश्चित गर्दै छन्। सबै अष्ट्रेलियालीहरु लाई संरक्षण गर्दै, लचिलो र मापन गर्न सकिने प्रतिक्रियाले स्वास्थ्य प्रणाली लाई प्रतिक्रिया गर्न सक्षम बनाउँछ।

## महामारीको बेला अष्ट्रेलियालीहरूलाई सहयोग

सरकारले COVID-19 महामारी मार्फत निम्न लगाएत अष्ट्रेलियालीहरूलाई अभूतपूर्व आर्थिक सहयोग प्रदान गर्दैछ:

- जबकिपर भुक्तान
- व्यक्तिहरुको लागि अतिरिक्त आय
- पेन्सनकर्ताहरू र अन्य योग्य प्राप्तकर्ताहरूको लागि दुई थप आर्थिक समर्थन भुक्तान
- Superannuation(निवृत्तीभरण) को लागी अस्थायी पहुँच

## तपाईंको भविष्य, तपाईंको Super(निवृत्तीभरण)

सरकार उनीहरूको अवकासको समयको बचतलाई बृद्धि गर्न अष्ट्रेलियाका निवृत्तीले बृहत बृद्धी गर्ने प्रतिबद्ध छ।

सरकारको *तपाईंको भविष्य, तपाईंको सुपर(Your Future, Your Super)* सुधार सरकारको सुधार परियोजनाको अर्को चरण हो र अष्ट्रेलियालीहरूले अर्को दशकमा $१७.९ अर्ब डलर बचाउनेछन।

## अष्ट्रेलियालीहरुलाई सुरक्षित राख्दै

अष्ट्रेलियाको साइबर सुरक्षा क्षमताहरू कडा छन्, तर हामीले अनलाइन खतराहरू बढ्दै गरेको सामना गरेका छौं। COVID-19 ले हामी कति बाँच्ने छौं र अनलाइनमा काम गर्दछौं भन्ने हाइलाइट(उज्वलीकरण) गरेको छ। सरकारले २०२० साइबर सुरक्षा रणनीति प्रदान गर्न थप $ २०१.५ लाख प्रदान गर्नेछ।

अष्ट्रेलियालीहरुलाई अझ जटिल खतराको वातावरणमा सुरक्षित राख्न आफ्नो क्षमतालाई अझ सुदृढ पार्न AFP लाई $३००.२ लाख डलरको प्रतिबद्धता दिएर सरकारले हामीलाई सुरक्षित राख्न सहयोग गर्दैछ।

## हाम्रो क्षेत्रको मद्दत

प्रशान्त चरणमा प्रतिबिम्बित- माथि र अन्य पहलहरूको लागि, प्रशान्त र दक्षिणपूर्व एशियाको स्थिरता, समृद्धि र लचिलोपनमा अष्ट्रेलियाको गहिरो र चिरस्थायी चासो छ। सरकारले हाम्रो क्षेत्रमा पुनर्स्थापन सुनिश्चित गर्दैछ:

- प्रशान्त र दक्षिणपूर्व एशियाली देशहरूमा COVID-19 खोपको पहुँच र स्वास्थ्य सुरक्षा कार्यक्रममा लगानी गर्दैछ।
- प्रशान्तका लागि अष्ट्रेलियाली पूर्वाधार वित्तपोषण सुविधा
- COVID-19 पुर्स्थापन - प्रशान्त र टिमोर- लेष्टलाई समर्थन
- दक्षिण पश्चिम प्रशान्तमा सुरक्षा पूर्वाधार परियोजनाहरु वितरण